सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश , नेपाल

च.नं.
प.सं. ०७७/०७८

# सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धी सूचना !!!

प्रथम पटक प्रकाशित मिति:- २०७७।०९।१६

नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, सघन शहरी तथा भवन निर्माण आयोजना चितवन द्वारा सञ्चालन भईरहेको सुरक्षित नागरिक आवास कार्याक्रम अन्तर्गत यस गाउँपालिका वडा नं. १,२ र ३ मा जम्मा १४२ घर निर्माण हुने गरी कार्यक्रम स्विकृत भई आएकोले उक्त घरहरु सुरक्षित नागरिक आवास कार्यक्रम कार्यविधी-२०७५ अनुरुपको प्रकृया पुरा गरी निर्माण गर्न लागिएको हुँदा कार्यक्रममा सहभागी हुन ईच्छुक पराल, खर, स्याउला, आसवेसटस, विटुमिन, ड्रम वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामग्रीबाट छाना छाएको घरमा बसोबास गर्ने, गरिवीको रेखामुनी रहेका, आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको, विगत देखि यस गाउँपालिका वडा नं.१,२ र ३ भित्र स्थायी बसोबास गर्दै आएका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस सरावल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा आई देहायअनुरुपको कागजात सहित आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

- घरमुली स्वयंले भरेको आवेदन फारम
- निजको घरको वास्तविक अवस्था तथा गरिवीको अवस्था तथा निजको त्यस क्षेत्रमा बसाई अवधी खुलेको वडाको सिफारिस पत्र
- जग्गाधनी प्रमाणपुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण
- प्रकोपको कारण घरवार विहिन भएको हकमा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित जिल्ला प्रशासनको सिफारिस ।

२०७७।९।१६

.............................
बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नोट:- लाभग्राही छनौट तथा आवेदन संकलन लगायतको सम्पुर्ण कार्य सुरक्षित नागरिक आवास कार्यन्वयन (पहिलो संशोधन) कार्यविधी-२०७५ अनुरुप हुने एवं लाभग्राहीले पेश गर्ने आवेदन फारम यस सरावल गाउँपालिकाको वेभसाइट www.sarawalmun.gov.np बाट समेत डाउनलोड गरी प्राप्त गर्न सकिन्छ ।